# रम्भा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## Rambha Rural Municipality
## Office of the Rural Municipal Executive

पिपलडाँडा, पाल्पा (Pipaldanda, Palpa)
लुम्बिनी प्रदेश, नेपाल (Lumbini Province, Nepal)

:९८५७०६८७७०,९८४७२२५७७९
: rambhamun@gmail.com
: rambhamun.gov.np


पत्र संख्या
च.नं.

मिति: २०८१/०३/३०
ने.स.: ११४४ दिल्लाथ्व ८

श्री वडा कार्यालय (सबै)
रम्भा गाउँपालिका, पाल्पा।

विषय: सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा कार्यविधि २०७६ दोस्रो संशोधन नियम (९) को उपनियम (१) को नियम ८ बमोजिमको परिचयपत्र प्रत्यक आर्थिक बर्षको भदौ मसान्त भित्र नविकरणको लागि सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्ने व्यवस्था बमोजिम र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा भएको व्यवस्था अनुरुप असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुँदा देहाय अनुसार गर्नु हुन अनुरोध छ।
देहाय:

१. यस रम्भा गाउँपालिका अन्तर्गतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धि सुचना/ जानकारी गराएर स्वयं वा संरक्षक/माथवरको उपस्थितिमा भाद्र मसान्तभित्र नविकरण गर्ने गराउने।
२. वालवालिका, जेष्ठ नागरिक ९० बर्ष भन्दा माथि, अति अशक्त अपाङ्ग र आफ्नो हेरचाह आफै गर्न नसक्ने लाभग्राहीको हकमा संरक्षक/माथवरका उपस्थितिमा मात्र नविकरण गर्नुहुन।
३. भत्ता नविकरण गर्दा राष्ट्रिय परिचयपत्र/आवेदन फारमको प्रतिलिपि संलग्न गरि नविकरण (बुँदा नं. २ बमोजिमका लाभग्राहीको हकमा अनिवार्य नभएको) साथै राष्ट्रिय परिचयपत्रको लागी वायोमेट्रिक नदिएका हरुको लागी माघ सम्ममा परिचयपत्र नं. वडा कार्यालयमा उपलब्ध गराउने व्यवस्था गर्नुहुन।
४. कतिपय लाभग्राहीहरु आवेदन फारममा राष्ट्रिय परिचयपत्र नभएको भनि जिल्ला प्रशासन कार्यालय जाने गरेको पाइएकोले राष्ट्रिय परिचयपत्र नं. थाहा पाउनको लागी http://citizenportal.donidcr.gov.np मार्फत आवेदन फारममा रहेको आवेदन नम्बर प्रविष्टि गरि परिचयपत्र नं तथा परिचयपत्रको अवस्था थाहा पाउन सकिनेहुनाले सहजिकरण गरिदिनुहुन।

०३।३०

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत